# जीविकाको अवस्थाले दलित समुदायको उच्चशिक्षामा पारेको प्रभाव

**भीमबहादुर बोहरा**

## पृष्ठभूमि

नेपालमा दलित समुदायको अपेक्षित विकास हुन सकेको छैन । परापूर्वकालदेखि नै सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक, धार्मिक एवं शैक्षिक रूपमा बहिष्करणमा पर्दै आएका कारण अहिले पनि अधिकांश दलित गरिबीको रेखामुनि जीवन बिताउन बाध्य छन् (मल्ल र विश्वकर्मा सन् २००२) । राष्ट्रिय औसत आय रु. २०,६८९ रहेकोमा दलित समुदायको औसत आय रु. १३,३४० मात्र छ (तामाङ २०६५) । एकातिर स्रोत-साधनको अभाव र बेरोजगारीले दलित समुदाय कष्टपूर्ण जीवन जीउन बाध्य भएको देखिन्छ भने अर्कोतिर समाजका हरेक क्षेत्रमा आधुनिकीकरणको प्रभाव बढ्दै जाँदा दलितको जीवन धान्ने आधारको रूपमा रहेका परम्परागत सीप तथा कलाहरूको उपयोगिता घटेकाले उनीहरूको जीविका थप असुरक्षित भएको पाइन्छ । उद्योगधन्दा, कलकारखाना एवं व्यावसायिक गतिविधिहरू आर्थिक उत्पादन बढाउने र जीविकालाई सबल बनाउने महत्त्वपूर्ण अवसर र आधार हुन् । तर दलित समुदायको जग्गाजमिन, स्थानीय साधनस्रोत र अन्य खालका व्यवसायमा सन्तोषजनक पहुँच नै छैन । जीविका चलाउनको लागि दलितहरूले हलिया र तल्लो दर्जाको मजदुरको रूपमा काम गरिरहनु परेको छ । परिणामस्वरूप नेपालमा झण्डै ९५ प्रतिशत दलितहरू कृषि मजदुरी गरेर जीविका धानिरहेका छन् (सुनार २०५८) ।

पुख्र्यौली थातथलोमा बसेर जीवन निर्वाह गर्न कठिनाइ भएकै कारणले अधिकांश दलित युवा तथा प्रौढहरू वर्षेनी भारतका विभिन्न शहरमा न्यून आयमा चौकीदार र भरिया कामको लागि जान बाध्य छन् । त्यसबाट हुने सामान्य आयआर्जनले जेनतेन पारिवारिक भरणपोषणबाहेक आफ्ना सन्तानको शैक्षिक योग्यता वृद्धिमा लगानी गर्न सक्दैनन् । फलस्वरूप आधुनिकीकरणसँगै समाजमा सिर्जना भएका नयाँ अवसरहरू दलित समुदायले प्राप्त गर्न सकेका छैनन् । परम्परागत रूपमा हासिल गरेका सीपहरूको व्यावसायीकरण गरी आयआर्जनमा आत्मनिर्भर बन्ने र जीवन निर्वाहको पद्धतिलाई सहज बनाउनेतर्फ अग्रसर हुन सकेका छैनन् । राज्यबाट हुनुपर्ने त्यस अनुकूलका नीति तथा कार्यक्रमको अभावका कारण पनि आज दलितहरू कष्टकर जीवन बिताइरहेका छन् (गुरुङ सन् २००५) । तसर्थ दलित समुदायको जीवन निर्वाहसँग जोडिएका आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक

*समाज अध्ययन* ११ : १०७–१२९, २०७३

र राजनीतिक पक्षबारे गहन विश्लेषण नगरिकन समस्या समाधानको प्रक्रिया अगाडि बढाउन सकिँदैन ।

मुलुकमा सामाजिक तथा राजनीतिक परिवर्तन हुँदै जाँदा शहरी तथा ग्रामीण क्षेत्रमा विद्यालय र क्याम्पसहरू खोलिएका छन् । साथै विभिन्न नीति नियमले दलित समुदायको शैक्षिक पहुँच वृद्धिमा पनि जोड दिएका छन् । फलतः दलितहरूको विद्यालय शिक्षामा पहुँच पनि बढेको छ । तर दलित समुदायको शैक्षिक सहभागिता प्राथमिक तहमा सन्तोषजनक देखिए पनि माथिल्ला तहमा घट्दै गएको देखिन्छ, र उच्च शिक्षासम्म आइपुग्दा यो निकै नै न्यून छ ।[1] जीविका धान्ने महत्त्वपूर्ण आधार मानिने उच्च शिक्षामा यो समुदायको पहुँच नबढ्नु चिन्ताजनक विषय हो । यो लेखमा दलित समुदायको जीविकाको अवस्था र उच्च शिक्षामा पहुँचको अन्तर्सम्बन्धबारे विश्लेषण गरिएको छ । यसका लागि दलितहरूको उल्लेख्य जनसंख्या भएको अछाम जिल्ला छानिएको थियो । यो जिल्लामा दलित समुदायको हिस्सा कूल जनसंख्याको झण्डै २८ प्रतिशत छ (केन्द्रीय तथ्यांक विभाग २०५८) । यस जिल्लाका विभिन्न क्षेत्रमा सरकारी अनुदान र सहयोगमा सञ्चालित विद्यालय तथा कलेजको संख्या पर्याप्त भएको अवस्थामा यसले दलित समुदायलाई उच्च शिक्षामा कसरी र कुन रूपमा आकृष्ट गरेको छ भन्ने सवालमा केन्द्रित हुन पनि यो जिल्ला छनोट गरिएको हो ।[2] राष्ट्रिय स्तरमा देखिएको दलित समुदायको कमजोर शैक्षिक स्थिति अछाम जिल्लामा पनि देखिन्छ ।[3] यसर्थ यो लेख अछाममा दलितको जीविकाको अवस्था कस्तो छ? उच्चशिक्षामा उनीहरूको पहुँचको स्थिति कस्तो छ? जीविकाको अवस्थाले उच्चशिक्षाको पहुँचमा कसरी प्रभाव पारिरहेको छ? भन्ने प्रश्नमा केन्द्रित छ ।

[1] शिक्षा मन्त्रालयको सन् २००९/१० को तथ्यांकअनुसार भर्ना भएका कूल विद्यार्थीमध्ये दलित विद्यार्थीको हिस्सा प्राथमिक तहमा २१.४ प्रतिशत, निम्न माध्यमिक तहमा १४.६ प्रतिशत, माध्यमिक तहमा १०.५ प्रतिशत र उच्च माध्यमिक तहमा ६.८ प्रतिशत थियो (डीओई सन् २०११) ।

[2] यस जिल्लामा ३०६ ओटा प्राथमिक विद्यालय, ४८ ओटा निम्न माध्यमिक विद्यालय, ५१ ओटा माध्यमिक विद्यालय, २२ ओटा सामुदायिक उच्चमाध्यमिक विद्यालय र पाँचओटा सामुदायिक क्याम्पस सञ्चालनमा छन् (डीओई सन् २०१०; यूजीसी सन् २०१०) ।

[3] कक्षा १ देखि १२ सम्मको विद्यार्थी विवरण जिल्ला शिक्षा कार्यालय अछामको २०६६ सालको भर्ना तथ्यांकको आधारमा र उच्च तहमा अध्ययनरत विद्यार्थीको विवरण अछाम जिल्लामा सञ्चालित क्याम्पसहरूको भर्ना विवरण पुस्तिका वि.सं. २०६६ को आधारमा लिइएको हो । यहाँ प्राथमिक तहमा अध्ययनरत कूल ७०,५१७ विद्यार्थीमध्ये ३४.३४ प्रतिशत, निम्न माध्यमिक तहमा १५,८२७ मध्ये १९.३२ प्रतिशत, माध्यमिक तहमा ६,९७३ मध्ये १४.९२ प्रतिशत, उच्च माध्यमिक तहमा ३,६२६ मध्ये १०.१७ प्रतिशत र स्नातक तहमा १,६८९ जनामध्ये जम्मा ६.५७ प्रतिशत मात्र दलित विद्यार्थीहरू अध्ययनरत छन् ।

अध्ययनको लागि अछाम जिल्लाको सदरमुकाममा रहेको मंगलसेन गाउँ विकास समिति (गाविस) र ग्रामीण क्षेत्रमा पर्ने कालागाउँ गाविसमा सञ्चालित क्रमशः अछाम बहुमुखी क्याम्पस र कैलाश क्याम्पस एवं ती दुवै क्याम्पसको वरिपरि रहेका दलित बस्तीलाई लिइएको थियो । दुवै गाविसमा क्याम्पस नजिकका दलित बस्तीबाट २० ओटा घरपरिवारको घरधुरी सर्वेक्षण, दुईओटा घरपरिवारको विस्तृत अध्ययन, २० जना अभिभावकसँग अन्तर्वार्ता र स्नातक तहमा अध्ययनरत छ जना विद्यार्थीसँग समूहगत छलफल गरिएको थियो । साथै दलित संघसंस्थामा आबद्ध दुई जना प्रतिनिधि, दलित आन्दोलनका दुई जना अगुवा, दुई जना क्याम्पस प्रमुख, दुई जना शिक्षक र एसएलसी उत्तीर्ण भए पनि उच्चशिक्षामा सहभागी हुन नसकेका पाँच जना दलित युवा गरी जम्मा १३ जनासँग अन्तर्वार्ता र छलफल गरिएको थियो । लेखको पहिलो खण्डमा दलित समुदायको जीविकाको अवस्थाबारे चर्चा छ । दोस्रो खण्डमा दलित समुदायको शिक्षामा पहुँचको लेखाजोखा गरिएको छ भने तेस्रो खण्डमा जीविकाको अवस्था र उच्चशिक्षामा पहुँचको स्थिति बीचको अन्तर्सम्बन्धलाई केलाइएको छ । अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## जीविकाको अवस्था

व्यक्ति, परिवार तथा समुदायको समग्र अस्तित्वको र विकासको आधार जीविकालाई मानिएको छ । डीएफआईडी (मिति उल्लेख नभएको) का अनुसार जीविकाको ढाँचा मानव, प्राकृतिक, आर्थिक, सामाजिक र भौतिक पूँजी गरी पाँचओटा प्रमुख साधनले धानेको एवं बनेको हुन्छ । यी पूँजीहरूमा रहेको पहुँचको आधारबाट मात्र व्यक्ति, परिवार तथा समुदायको जीविका सबल भए नभएको लेखाजोखा गर्न सकिन्छ । त्यस्तै स्कून्ज (सन् १९९८) ले पनि प्राकृतिक, आर्थिक, सामाजिक, मानव पूँजी लगायतका साधन स्रोतलाई जीविकाको आधारको रूपमा समेटेर यसको ढाँचालाई स्पष्ट रूपमा देखाएका छन् । उनले जीविकाको सबलता र दुर्बलता आय, उत्पादन, सामाजिक मान्यता, क्षमता विकास जस्ता पक्षहरूले निर्धारण गर्दछ भन्नेमा जोड दिएका छन् । यसरी समाजमा रहेका प्राकृतिक, आर्थिक, सामाजिक, भौतिक र क्षमता विकासका अवसरमा व्यक्ति, परिवार र समुदायको पहुँच पुग्ने कुराले जीविकाको अवस्था सुरक्षित र नपुग्ने कुराले असुरक्षित बन्न जान्छ भन्ने कुरा जीविकासम्बन्धी उल्लिखित ढाँचाहरूले देखाएका छन् । ती पूँजीमा रहेको पहुँच तथा संस्थागत एवं सांस्कृतिक सन्दर्भको आधारमा हरेक व्यक्ति अनि परिवारले कृषि कार्य गर्ने कि गैरकृषि कार्य गर्ने भनी निश्चित जीविकोपार्जन रणनीति अपनाउँदछन् । साथै जीविकासँग जोडिएका यी आधारभूत पूँजीहरूले व्यक्ति तथा समुदायको सामाजिक एवं शैक्षिक आकांक्षामा समेत प्रभाव पार्दछन् ।

## *जमिनमा पहुँच र खाद्य उपलब्धता*

नेपालको सन्दर्भमा जीविका र आर्थिक आर्जनको मुख्य स्रोतको रूपमा रहेको जमिनको वितरणलाई हेर्दा थुप्रै अस्वाभाविक असमानताहरू भेटिन्छन् । देशभरिको जमिनको वितरणको अवस्थालाई हेर्दा पनि दलित समुदायको भागमा केवल एक प्रतिशत मात्र खेतीयोग्य जमिन छ । पहाडका १६ प्रतिशत दलित पूर्णरूपमा भूमिहीन, ५० प्रतिशतसँग पाँच रोपनीभन्दा कम जमिन र ३४ प्रतिशतसँग पाँच रोपनीभन्दा बढी जमिन छ । त्यस्तै तराईका ९५ प्रतिशत दलितसँग खेतीपाती गर्नको लागि जमिनै छैन (शर्मा २०५८) । यसको प्रत्यक्ष असर दलितका लागि खाद्य उपलब्धतामा परेको छ । देशभरका दलितको अवस्थालाई हेर्दा खाद्यान्न उत्पादन क्षमताको हिसाबले वर्ष भरिमा तीन महिनासम्मलाई पुग्ने खाद्यान्न पनि उब्जाउन नसक्ने दलितको जनसंख्या २१.५ प्रतिशत छ । त्यसै गरी चारदेखि छ महिनासम्मका लागि उब्जाउने १९.६ प्रतिशत, जेनतेन वर्षभरिका लागि उब्जाउने १५.५ प्रतिशत र आफूलाई चाहिनेभन्दा बढी उब्जाउनेको संख्या ५.२ प्रतिशत मात्र छ । बाँकी ३८.२ प्रतिशतसँग उब्जाउनका लागि जमिनै छैन (सुनार २०५८) ।

यस अध्ययनका लागि गरिएको घरधुरी सर्वेक्षणमा परेका दलित परिवारको पनि जमिन माथिको पहुँच कमजोर देखिन्छ । ६० प्रतिशत दलित परिवारसँग एक रोपनी वा कम, २८ प्रतिशतसँग दुई रोपनी र मात्र १२ प्रतिशतसँग तीन रोपनी जति जग्गा भएको देखिन्छ । त्यसमा पनि केही दलित परिवारले पाखो जग्गा कम मूल्यमा आफ्नो नाममा दर्ता नहुने गरी केही समयको लागि अरूबाट मातेमा[४] किनेको देखिन्छ । यसकारण उनीहरूको आफ्नो नाममा जग्गा न्यून छ र यसको प्रत्यक्ष असर खाद्यान्न उपलब्धतामा परेको छ । अध्ययन क्षेत्रका करिब ७५ प्रतिशत दलित परिवारलाई आफ्नो उत्पादनले दुईदेखि तीन महिनासम्म मात्र खान पुग्ने देखिन्छ । आफ्नो जमिनको उत्पादनबाट वर्षभरि खान पुग्ने अवस्था कुनै पनि दलित परिवारको छैन । विस्तृत अध्ययनमा सहभागी शारदा आउजीले जमिनको अभावले आफ्नो परिवारको जीविकोपार्जनमा भएको समस्या प्रस्ट्याउँदै भनिन् ः

> श्रीमान्को मृत्यु भएको धेरै वर्ष भैसक्यो । जग्गाको नाममा यो घर भएको जग्गा मात्र हो, यो पनि देवरको नाममा दर्ता छ । खेतीपाती गर्ने जग्गाजमिन छैन । बम्बई गएका छोरा बुहारीको पनि खास कमाइ केही छैन । परिवारसहित उतै गएकाले केही सहयोग हुँदैन ।

[४] आपसी आवश्यकताअनुसार मूल जग्गा धनी र रकम लगानी गर्ने व्यक्तिका बीचमा अस्थायी रूपमा जमिनको उपयोग गर्ने उद्देश्यले जग्गाजमिनको लेनदेन गर्ने प्रक्रियालाई “मात हाल्ने” अथवा “माते” भनिन्छ, जसअनुसार जग्गा धनीले मातस्वरूप पाएको रकम लगानी गर्ने व्यक्तिलाई फिर्ता गरेको खण्डमा मात्र जग्गामाथिको उसको पूर्व हक कायम हुन्छ ।

यहाँ भएका छोराबुहारी पनि कहिलेकाहीँ पाइने ज्यालादारी काम गरेर गुजारा गर्छन् । अनि आफू कहिलेकाहीँ गिट्टी फोडेर कमाइ गरी खान्छु ।[५]

जमिनमा कमजोर पहुँच तथा न्यून कृषि उत्पादनको परिणामस्वरूप जीविका र खाद्य सुरक्षाको स्थिति दरिलो छैन उनीहरूको । यसकारण अधिकांश दलित परिवारहरूले खाद्यान्नको लागि आफ्नै गाउँघरमा तथा बाहिर न्यूनतम आयमा ज्यालादारी काम गरिरहेका छन् । ती काम पनि अनियमित र अपर्याप्त छन् । दलित एकता मञ्च अछाममा कार्यरत मीन विकका अनुसार कुनै पनि दलितले खाद्यान्न जोहोको लागि एउटा निश्चित काम गरेर परिवारको भरणपोषण गर्न सक्ने अवस्था नरहेकोले समाजमा पाइने जस्तोसुकै कठिन कामहरूमा पनि संलग्न हुनुपर्ने स्थिति पछिल्लो समयमा अझ बढ्दै गएको छ ।[६] यसरी सर्सती हेर्दा जीविका धान्नको लागि अपर्याप्त तथा रुखो पाखो एवं कमसल खालको जमिन दलितहरूको भागमा परेको देखिन्छ । अव्यवस्थित, असुरक्षित एवं जोखिमपूर्ण अवस्थाका घरहरू एवं बस्तीहरू दलित समुदायका नै देखिन्छन् । तसर्थ खाद्य अभाव र कुपोषणको गम्भीर असर सबभन्दा बढी दलित समुदायले नै खेप्नु परेको छ (अधिकारी २०५९) । त्यसकारण उनीहरूले जेनतेन बाँच्ने बाहेकका अन्य कुनै पनि व्यक्तिगत र सामाजिक विकासका क्षेत्रमा सहभागी हुने र आफ्नो जीविकालाई थप सबल बनाउने गतिविधि गर्न सकेका छैनन् ।

अछामको साँफेबगर हुँदै जिल्ला सदरमुकाम मंगलसेन जोड्ने मुख्य सडकले छोएका क्षेत्र तथा यातायात र शहरीकरणको विस्तार भैरहेको तथा अन्य स्थानीय बजार क्षेत्रमा जग्गाको मूल्य बढेको देखिन्छ । दलित समुदायका केही व्यक्तिले यो अवसरको उपयोग गरी आफ्नो आयआर्जनको अवस्थामा निकै सुधार ल्याएको पनि पाइन्छ । तर ती बजार क्षेत्र तथा जिल्ला सदरमुकाममा स्थायी बसोबास भएका दलित परिवारले ओगटेको जग्गा थोरै मात्र भएको तथा उनीहरूसँग अन्य वैकल्पिक स्रोतहरू पनि नभएको कारण त्यो अवसरलाई उपयोग गरी आफ्नो जीविकालाई सुदृढ बनाउन सकेका छैनन् । यसै सन्दर्भमा अध्ययनमा सहभागी शंकरे कामीको भनाइ यस्तो थियो ः

अहिले घर जग्गा धितो राखी ठूलो रकम लिई व्यावसायिक हिसाबले कारोबार गर्न सकिने अवस्था त बनेको छ, तर शिक्षा, व्यावसायिक ज्ञान एवं सामाजिक सम्बन्धको क्षेत्रमा राम्रो पहुँच नभएको कारण त्यस्तो कारोबार गर्न आँट नै आउँदैन । ऋण लिएर

[५] शारदा आउजीसँग २८ साउन २०६७ मा गरिएको कुराकानी ।

[६] मीन विकसँग २८ साउन २०६७ मा गरिएको कुराकानी ।

गरेको कारोबारमा घाटा लाग्यो भने बस्ने घर पनि लिलाम हुन्छ कि भन्ने डरले कुनै व्यावसायिक योजना बनाउन सकिएको छैन ।[७]

जिल्लाका केही ठाउँमा सडक निर्माणबाट प्रभावित व्यक्तिलाई पुनर्वास कार्ययोजना कार्यक्रमले २०५७ देखि २०५९ सालसम्म सडकमा परेका घर र जग्गाको उचित मूल्यांकन गरी क्षतिपूर्ति दिइएको थियो र क्षतिपूर्ति पाउनेमा केही दलित पनि थिए। तिनले जग्गामा लगानी गरी तराईतिर बसाइ सरेर आफ्नो जीविकामा केही सुधार ल्याएको पनि पाइन्छ। तर जिल्लाभित्रका ग्रामीण तथा बजार क्षेत्रमा बसोबास गरिरहेका दलितहरूको जीविकामा भने सुधारका संकेतहरू अझै देखिएका छैनन् ।[८] जिल्लाभरिका दलितहरू जमिनकै अभावका कारण कृषिमा आधारित विभिन्न खालका व्यावसायिक अवसरबाट वञ्चित छन्। यस्तो अवस्थामा उनीहरूका लागि स्थानीय परिवेशमा पाइने ज्यालादारी काम नै जीवन धान्ने मुख्य आधार भएको छ ।[९]

## *पेशागत अवस्था र वैकल्पिक जीविकाको खोजी*

बढ्दो जनसंख्याका कारण जमिनको भागबण्डा हुँदा दलितहरूको स्वामित्वको जमिनको क्षेत्रफल झन् घट्दो छ । त्यसैले उनीहरूका लागि परम्परागत कृषि कर्म छोडेर आफ्नो अन्य आयमूलक कार्यहरूमा लाग्नुपर्ने बाध्यता छ । यसरी आफ्नो परम्परागत पेशाबाट अन्यत्र सर्न बाध्य भएका ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदायहरूको जीविका सुनिश्चित रूपमा अगाडि बढ्न सक्दैन र उनीहरूको जीविका जोखिममा पर्दै जाने सम्भावना बढ्दै जान्छ। झण्डै ४० प्रतिशत दलितहरू आफ्नो परम्परागत पेशामा नरहेको देखिन्छ र यस्तो अवस्थामा अधिकांशको वैकल्पिक पेशा भनेकै कृषि श्रमिकको रूपमा काम गर्नु हो (शर्मा २०५८)। विज्ञान र प्रविधिको कारण विस्तारित आधुनिकीकरणले समाजमा सिर्जना गर्ने नयाँ सामाजिक वातावरण र परिस्थितिले जीविका परिवर्तनको प्रक्रियालाई निर्देशित गर्दछ (क्षेत्री सन् २००६)। दलितको परम्परागत पेशा संकटग्रस्त भएको परिप्रेक्ष्यमा बदलिँदो प्रविधिले आयआर्जनका केही अवसर उपलब्ध त गराएको छ । तर पनि जीविकाको सुधारमा सहयोग पुऱ्याउन सकेको देखिँदैन । अछाम जिल्लामा पनि दलित जातिको जीविकोपार्जनका उपायहरू अन्योलग्रस्त र कठिन भएको पाइयो ।

[७] शंकरे कामीसँग २९ साउन २०६७ मा गरिएको कुराकानी ।

[८] रामारोशन विकास समाज, अछामकी सामाजिक परिचालिका सरोजकुमारी कुमालसँग ३ असोज २०६७ मा गरिएको कुराकानी ।

[९] यो कुरा दलित समुदायका अगुवाका रूपमा परिचित अर्जुन ताम्राकारसँग बयालपाटा बजारस्थित उहाँकै पसलमा २७ साउन २०६७ मा गरिएको कुराकानीले पनि प्रस्ट पारेको थियो ।

अध्ययनमा सहभागी दुई तिहाइ घरमूलीले कृषि र ज्यालादारी पेशा अँगालेको पाइयो। त्यसै गरी बहुसंख्यक दलित परिवारबाट एक दुई जना पुरुष भारतमा आंशिक रूपमा नोकरीको लागि जाने गरेका र ३५ प्रतिशत परिवारका कुनै पनि सदस्यहरूको संलग्नता नोकरीको हिसाबले न देशभित्र रहेको पाइयो न देशबाहिर। अध्ययनमा संलग्न २० जनामध्ये अत्यन्तै कम दलित घरमूलीको मात्र नेपालमा सरकारी नोकरी रहेको पाइयो भने एक चौथाइले बाउबाजेका पालादेखि चल्दैआएका पेशालाई आंशिक रूपमा अँगालिरहेको भेटियो। अध्ययन क्षेत्रमा घर खर्चको स्रोतको रूपमा ८५ प्रतिशतले कृषि, ज्यालादारी, भारतको नोकरी एवं परम्परागत पेशालाई मिश्रित रूपमा अँगालेका छन् भन्ने यो अध्ययनले देखाएको छ। केवल १५ प्रतिशतले मात्र कृषि एवं आफ्नै परिवेश र क्षेत्रमा उपलब्ध हुने दैनिक ज्यालादारी कामहरूलाई आधार बनाएका छन्। यसरी एउटै सुनिश्चित पेशाको अभावमा दलित समुदायले अन्योल भोगिरहेको देखिन्छ। परिणामस्वरूप बाँच्नैका लागि मात्रै भए पनि उनीहरूले न्यून आय हुने दैनिक ज्यालादारी काममा सरिक हुनुपर्ने बाध्यता देखिन्छ।[१०]

सामान्यतया देशभित्र रोजगारीका अवसरको अभावका कारण कामको लागि भारतका विभिन्न शहरमा जाने प्रवृत्ति अछामका प्रायः सबै समुदायमा पाइन्छ। स्थायी रोजगारी भएका व्यक्तिहरू परिवारसहित लामो समयसम्म भारतमै बस्ने र अवकाशपछि मात्र नेपाल फर्कने गर्छन्। राम्रो आय र भरपर्दो रोजगारी नभएका व्यक्तिहरू खेतीपातीको काम सकेर मंसिर-पुस महिनामा भारततिर जान्छन्। तर अहिले स्थानीय तहमा शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात आदिको सुविधामा पहुँच भएका गैरदलित समुदायलाई जीविकाको लागि पहिले झैं पूर्ण रूपमा भारतमा भर पर्नुपर्ने अवस्थामा केही कमी आएको छ। केही दलितहरू आफ्नै परिवेशमा पढ्ने, लेख्ने, व्यवसाय गर्ने एवं विभिन्न भूमिकामा संघसंस्थामा आबद्ध छन्। तर स्थानीय साधन स्रोतमा पहुँच नभएका दलितलाई भने स्थानीय तहमा उपलब्ध अवसरले उनीहरूको जीविकालाई सबल बनाउने कुरामा खास सहयोग पुऱ्याउन सकेको देखिँदैन। यसै सन्दर्भमा सामाजिक एवं राजनीतिक क्षेत्रमा संलग्न दलित समुदायका एक जना अगुवा नैनसिंह थलारी भन्छन् ः

> दलितहरूको जीविकाको आधारको रूपमा रहेका परम्परागत पेशाहरूको महत्त्व र प्रचलन समाजबाट घट्दै छ। यस्तो परिस्थितिमा जीविकाका वैकल्पिक आधारहरू आफ्नो गाउँ परिवेशमा खडा गर्न सकिएका छैनन्। त्यसकारण पनि अन्य समुदायको तुलनामा अधिकांश दलित घरपरिवारबाट एक/दुई जना पुरुष आधारभूत आवश्यकता परिपूर्तिकै लागि आंशिक, नियमित र पालैपालो गरी भारतका विभिन्न शहरमा चौकीदारी र होटेल

[१०] स्नातक तहमा अध्ययनरत सुरत भूलसँग ३१ आश्विन २०६७ मा गरिएको कुराकानी।

> मजदुरको रूपमा काम गर्न जाने स्थिति कायमै छ । तर यसबाट हुने आयले वर्षभरिको खाद्यान्नको जोहो गर्नसमेत धौ-धौ पर्ने गरेको छ ।[११]

भारतमा गरिने चौकीदारी र मजदुरीले जीविकाका आधारभूत पक्षलाई सामान्य रूपमा सघाए पनि यसबाट दलित समुदायको शिक्षामा पहुँचलगायत अतिरिक्त विकासमा खासै सघाएको देखिँदैन । अशिक्षा र प्राविधिक सीपको अभावका कारण त्यहाँ आयका हिसाबले कमसल स्तरका चौकीदारी गर्ने र गाडी सफा गर्ने जस्ता काममा उनीहरू संलग्न छन् ।

## *स्थानीय स्रोत माथिको पहुँच*

समाजका सबै वर्ग तथा समुदायको सुरक्षित जीविकाको लागि साधनस्रोत तथा सामाजिक, सांस्कृतिक, प्राकृतिक, आर्थिक, भौतिक पक्षमा सबैको पहुँच विस्तारका लागि सामाजिक नीति र तिनको कार्यान्वयनको ठूलो भूमिका हुन्छ (मोसर सन् २००८) । साधनस्रोत माथिको पहुँच राम्रो भएकै कारण तुलनात्मक रूपमा गैरदलित समुदायले समाजमा आएको परिवर्तनलाई आत्मसात गर्न सकेको देखिन्छ भने पहुँच नभएका दलित समुदाय झन् अन्योलपूर्ण अवस्थामा छन् (पोख्रेल र क्षेत्री सन् २००६) । अध्ययन क्षेत्रका सबै दलित परिवारमा स्थानीय साधन स्रोत माथिको पहुँचको अभाव रहेको देखिन्छ । समाजमा सिर्जना भएका शैक्षिक, व्यावसायिक, राजनीतिक, सामाजिक अवसर तथा यातायात र सञ्चार जस्ता सुविधाको पूर्ण उपभोग गरी आफ्नो जीवनस्तरमा समयानुकूल सुधार ल्याउने काम अध्ययनका क्रममा भेटिएका कुनै पनि दलित परिवारले राम्रोसँग गर्न सकेको पाइएन । तर स्थानीय स्रोतमा पहुँच भएकै कारण गैरदलित समुदायहरूले विस्तारित पेशा तथा व्यवसायमा आफूलाई रूपान्तरण गर्न सकेको देखिन्छ ।

अध्ययनमा सहभागी लगभग आधा दलित परिवार सेनाको बसाइ विस्तारका कारण र बाँकी आधा दलित परिवार गैरदलित समुदायको विगतदेखि नै रहँदै आएको वर्चस्वका कारण वन सम्पदाको सुविधाबाट वञ्चित भएको देखिन्छ । यसबाट दलित समुदायको कृषि पेशामा पनि असर पुगेको देखिन्छ । अध्ययनका क्रममा भेटिएका सेते कामीको भनाइले यस तथ्यलाई पुष्टि गर्छ । उनी भन्छन्, “वन जंगलको असुविधाका कारण खाना पकाउने दाउरादेखि लिएर पशुपालनका लागि घाँस सोत्तर आदिको अभाव छ र यसको असर खेतीपातीमा पनि परेको छ ।”[१२] स्थानीय वनमाथि पहुँच घटेको सन्दर्भलाई दलित समुदायका अगुवा भीम जनालाले प्रस्ट्याए ः

[११] नैन सिंह थलारीसँग २ भदौ २०६७ मा गरिएको कुराकानी ।

[१२] सेते कामीसँग ३० साउन २०६७ मा गरिएको कुराकानी ।

> मंगलसेन गाविसको वडा नम्बर ३, ५ र ६ अन्तर्गत रहेको पालेवन सामुदायिक वन त्यहाँको समुदायलाई २०५३/०५४ सालतिर हस्तान्तरण गरिएको थियो जसमा त्यहाँका दलित समुदाय पनि अन्य समुदायसरह उपभोक्ता रहँदै आएका छन् । तर ४ फागुन २०५८ को राति माओवादीले जिल्ला सदरमुकाम मंगलसेनमा गरेको आक्रमणपश्चात् सरकारले सुरक्षा व्यवस्थाको लागि सामुदायिक वनलाई नै प्रयोगमा ल्यायो । त्यसै कारण खेतीपाती र दैनिक ज्यालादारीमा जीविका चलाइरहेका यहाँका दलितहरूमा यसको असर तुलनात्मक रूपमा बढ्ता परेको छ ।[१३]

संरक्षण र उपयोगका हिसाबले सामुदायिक वनले गरिबको जीविका सुधारमा सहयोग पुऱ्याउँछ (लामा र बुची सन् २००४) । यसका साथै सामुदायिक वन ग्रामीण समुदायको सहभागिता, समता र सशक्तीकरणको महत्त्वपूर्ण आधार पनि हो । सिद्धान्ततः यसलाई स्वीकारी सबैको प्रतिनिधित्व सुनिश्चित गर्ने प्रावधान लागू गरिएको पनि छ । तर व्यवहारमा त्यस्तो देखिँदैन । सामुदायिक वनमा महिला, गरिब तथा वञ्चितीकरणमा परेका समुदायको अनिवार्य सेवा र सहभागितालाई प्राथमिकतामा राख्नु पर्ने सिद्धान्तका विपरीत नेपालका सामुदायिक वनमा हुनेखाने वर्ग र गैरदलित समुदायको बोलवाला रहेका थुप्रै उदाहरण पाइन्छन् । नेपालका अधिकांश सामुदायिक वनमा महिला, गरिब तथा पिछडिएका समुदायहरूको प्रभावकारी पहुँचको विस्तार हुन सकेको छैन । यसबाट उनीहरूको जीविकाको अवस्थामा सुधार हुन नसकेको निष्कर्ष विभिन्न अध्ययनले निकालेका छन् (पाण्डे र अरू सन् २००६) । यो स्थिति अछाम जिल्लाको दलित समुदायमा पनि पाइन्छ । जनता उमावि मेल्लेखका निमित्त प्राचार्य गगनसिंह बोहरा भन्छन् :

> दलित समुदायले खेप्नुपरेको सामाजिक अपहेलनाको मुख्य कारकतत्त्वको रूपमा रहेको जातीय छुवाछूतमा शिक्षा र सामाजिक चेतनाको विस्तारले केही कमी आएको छ । तर अझै आर्थिक र अन्य स्रोत माथिको पहुँचको आधारमा समाजमा विकसित हुँदै गएको असमान सामाजिक व्यवहार दलित समुदायले बढी खेपिरहेको छ । एकातिर हुने खाने वर्गको बोली व्यवहारबाट दलितहरू आफू अपहेलित हुनुपरेको छ भने अर्कोतिर पारिवारिक भरणपोषणका लागि हुनेखाने वर्गको ज्यालादारी गर्नुबाहेक अर्को विकल्प पनि उनीहरूका अगाडि देखिँदैन ।[१४]

[१३] भीम जनालासँग ३१ साउन २०६७ मा गरिएको कुराकानी ।
[१४] गगनसिंह बोहरासँग २८ साउन २०६७ मा गरिएको कुराकानी ।

## *आयआर्जनको अवस्था*

दलित समुदायको चर्चा गर्दा प्रायजसो छुवाछूत र भेदभावमा मात्र सीमित हुने गरेको देखिन्छ । तर यतिमा मात्र सीमित रहने हो भने दलित समस्याको मूल जरासम्म कहिल्यै पनि पुग्न सकिँदैन । जीवन निर्वाहसँग जोडिएको आर्थिक पक्षबारे र यसले समग्र सामाजिक समायोजनमा पुऱ्याएको असरबारे पनि गहन अध्ययन र विश्लेषण जरुरी हुन्छ (आहुति सन् २००४) । आर्थिक र शैक्षिक पक्ष व्यक्ति तथा समुदायको सामाजिक रूपान्तरणका महत्त्वपूर्ण आधार हुन् । लामो समयदेखि परम्परागत पेशामा निर्भर हुँदै आएको दलित समुदायको आर्थिक हैसियत कमजोर हुनुले नै उनीहरूको अन्य सबै पक्षको विकासमा असर पारेको छ (नाम्बिसान सन् २००६) । परापूर्वकालदेखि नै विकराल सामाजिक दबाबमा हुर्किन बाध्य भएको दलित समुदायले स्वविवेकले पेशा छान्न पाउँदैनन् र तल्लो दर्जाको पेशा अपनाउन बाध्य हुन्छन् । झन् जेनतेन बाँच्ने आधारको रूपमा रहेका परम्परागत पेशाहरू नै समाजबाट पलायन हुँदै गएका छन् जसको सीधा असर उनीहरूको जीविका र आर्थिक पक्षमा परेको छ (अधिकारी २०५९; कोइराला २०५८) ।

अध्ययनमा सहभागी सबै घरमूलीको आय अत्यन्तै न्यून रहेको पाइयो । भारतमा नोकरी गर्न जाने दलित परिवारको सालाखाला मासिक आय ३,०००–५,००० सम्म रहेको पाइयो भने गाउँमै बसेर कृषि, ज्यालादारी तथा परम्परागत पेशा अपनाउने दलित परिवारको मासिक आय १,५०० भन्दा बढी नरहेको पाइयो । यसरी विभिन्न स्रोतबाट मासिक रूपमा हुने आयको ठूलो अंश उनीहरूले खाद्यान्नको जोहोमा नै खर्चिने गरेका छन् । अध्ययनमा सहभागी कमला लुहारले बस्ने घरबाहेक खेतीपातीको लागि आफूसँग जग्गाजमिन पटक्कै नभएकोले चिनेजानेका पसलबाट खाद्यान्न उधारो लिने गरेको र छोराले भारतबाट पैसा पठाइसकेपछि तिरोभरो गर्ने गरेको बताइन् ।[१५] काम गरी कमाएको रकमले परिवारको भरणपोषणमै ठीक्क भएको देखिन्छ । गाउँमै बसेर जीविका चलाउने दलितहरू पनि समयानुकूल उत्पादनमूलक पेशामा संलग्न हुनसकेका छैनन् । बचतको अवस्थाबारे बुझ्दा आफ्नो आय आर्जनबाट बचत गर्न सक्ने ५ प्रतिशत मात्र भेटिए भने बाँकी ९५ प्रतिशतले बचत गर्न नसक्ने बताए ।

धेरैजसोले बताएअनुसार समुदायमा परम्परागत पेशाको प्रचलन घट्दै गएको छ र समाजमा उपलब्ध जस्तोसुकै कमसल र जोखिमपूर्ण काम दलितहरूले गरिरहनु परेको छ । यसैले जीविका झन् अन्योलपूर्ण हुँदै गएको छ । परम्परागत पेशामा आधारित जीविकाको पहिचान नै नामेट हुने स्थिति बढ्दै गएकोले र अर्को वैकल्पिक पेशासमेत अँगाल्न नसकेकाले जीविकाको अवस्था झन् नाजुक हुँदैगएको कुरा प्रस्ट हुन्छ । परिणामस्वरूप उनीहरूको परिवार कडा परिश्रममा आधारित दैनिक ज्यालादारी काम गरेर जीविका चलाइरहेका

[१५] कमला लुहारसँग २९ साउन २०६७ मा गरिएको कुराकानी ।

छन् । यी कामहरू पनि नियमित रूपमा एउटै दरमा पाइँदैनन् । अध्ययनका क्रममा भेटिएका डण्डी विकको भनाइ थियो :

> समाजमा आएका नयाँ चलनहरूले हाम्रा परम्परागत कामको प्रचलन घट्यो र गैरदलित समुदायबाट बाउबाजेका पालादेखि पाउँदै आएको खलो[१६] पनि बन्द भयो । खेतीपातीका लागि पर्याप्त जग्गाजमिन नभएको र आर्थिक अवस्था पनि निकै कमजोर भएकोले केटाकेटी पाल्नका लागि गाउँघरमा आंशिक रूपमा मात्र पाइने हलो जोत्ने, भारी बोक्ने, सडक खन्ने, ढुंगा गिट्टी फोड्ने र बोक्ने जस्ता कुनै पनि ज्यालादारी काम नगरी बाँच्ने अर्को कुनै आधार छैन । नत्र भारतमा गएर चौकीदारी गर्नुपर्‍यो । पढाइ लेखाइ नभएकाले ज्यालादारी काम गरेर मात्र बाँच्नुपर्ने अवस्था छ ।[१७]

## *सामाजिक भूमिका*

सामाजिक सम्बन्धको क्षेत्र फराकिलो हुन नसकेकोले पनि दलित समुदायको जीविकाको स्तरमा सुधार आउन नसकेको विश्लेषण अन्य विभिन्न अध्ययनले गरेको पाइन्छ । उदाहरणका लागि, हान र जुमर (सन् २००५) का अनुसार सबल जीविकाको लागि स्तरीय अवसरहरूमा व्यक्तिको पहुँच पुग्न उसको सामाजिक सम्बन्धको क्षेत्र, संघसंस्थामा आबद्ध हुने क्षमता, साधनस्रोतमा पहुँच जस्ता पक्षको भूमिका महत्त्वपूर्ण हुन्छ । समाजमा शिक्षा र चेतनाको स्तर बढ्दै गएअनुसार राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका थुप्रै सामाजिक संघसंस्थाहरू दलित समुदायलगायत वञ्चितीकरणमा परेका अन्य समुदायको उत्थानमा लागेका छन् । तर दलितहरूको सामाजिक भूमिका अपेक्षाकृत बढ्न सकेको छैन । अध्ययनमा सहभागीमध्ये एक जना विद्यालय व्यवस्थापन समितिको सदस्य, दुई जना शिक्षक अभिभावक संघको सदस्य, दुई जना खानेपानी उपभोक्ता समितिका सदस्य र एक जना सामुदायिक वन उपभोक्ता समितिको सदस्य रहेको पाइयो । तर सामाजिक भूमिकाको हिसाबले विभिन्न खालका संघसंस्था र समितिहरूमा दलित समुदायको प्रतिनिधित्व न्यून प्रकृतिको देखिन्छ । सामाजिक भूमिका सीमित भएकाले उनीहरूको सम्पर्कको दायरा साँघुरो बनेको छ र यसले उनीहरूको जीविकामा नकारात्मक असर पारेको छ ।

[१६] कथित उच्च जातका व्यक्तिको कृषि कार्य तथा अन्य काममा सघाएबापत वर्षको दुई पटक अन्न उत्पादन हुने समयमा दलितलाई दिइने अन्न बालीलाई खलो भनिन्छ ।

[१७] डण्डी विकसँग ३१ साउन २०६७ मा गरिएको कुराकानी ।

## *अहिले र पहिलेका दलित समुदायको जीविका*

अध्ययनमा सहभागी सबै परिवार पुर्खौंदेखि निरन्तर रूपमा आफ्नो समुदायमा बस्दै आएको पाइयो । आधाजति घरपरिवारलाई खानेपानी, बाटोघाटो, बिजुली, स्वास्थ्य सेवा, शौचालय एवं शिक्षाको सुविधा ठीकठीकै रूपमा उपलब्ध भएको देखिन्छ भने बाँकीलाई यी सुविधाहरू पर्याप्त मात्रामा पुगेको छैन । उदाहरणको लागि, अध्ययनमा सहभागी जया विकलाई लिन सकिन्छ । उनी भन्छिन्, “प्रत्यक्ष रूपमा लगानी गर्नुपर्ने यातायात, सञ्चार तथा बिजुली जस्ता सुविधाहरूको पूर्ण उपभोग आय राम्रो भएका घरपरिवारले गरेको देख्न पाइएको छ, तर आफूले भोग्न पाइएको छैन ।”[१८] पहिलेको तुलनामा उनीहरूको खाने, लाउने, बस्ने, अवस्थाबारे गरिएको कुराकानीको आधारमा ६५ प्रतिशतले अवस्था राम्रो हुन नसकेको बताए । बाँकी २५ प्रतिशतको अवस्था उस्तै र १० प्रतिशतको अवस्थामा मात्र केही सुधार भएको देखिन्छ । पहिलेको अवस्थाभन्दा जीविकाका यी आधारभूत पक्षहरू कमजोर हुनुमा परिवारको संख्यामा वृद्धि, परम्परागत कामको प्रचलनमा कमी, अपर्याप्त जग्गाजमिन, अशिक्षा, कमजोर आर्थिक पृष्ठभूमि आदि मुख्य कारकतत्त्वका रूपमा देखिएका छन् । पहिलेका तुलनामा अवस्था उस्तै भएका व्यक्तिहरूले न्यूनतम तहमा भए पनि अहिलेको पेशागत वातावरणलाई शैक्षिक एवं व्यावसायिक हिसाबले आत्मसात गर्न सकेको देखिन्छ ।

## दलित र शिक्षा

दलितहरू परम्परागत सीप तथा पेशाका दृष्टिकोणले महत्त्वपूर्ण समुदायको रूपमा रहे पनि पहिलेदेखि नै विभिन्न अवसरबाट वञ्चित हुँदै आएकाले उनीहरूको शैक्षिक विकास राष्ट्रिय औसतभन्दा निकै तल छ । यो समुदायको साक्षरता स्थिति ३३.८ प्रतिशत (राष्ट्रिय औसत ५४ प्रतिशत), एसएलसी र त्योभन्दा माथि ३.८ प्रतिशत (राष्ट्रिय औसत १७.६ प्रतिशत), स्नातक तह तथा त्योभन्दा माथि ०.४ प्रतिशत (राष्ट्रिय औसत ३.२ प्रतिशत) छ (पौडेल २०६६) । अर्को एक अध्ययनअनुसार उच्चशिक्षामा दलितको सहभागिता केवल १.४ प्रतिशत मात्र छ (भट्ट र अरू सन् २००८) ।[१९] दलितको शिक्षाबारे विस्तृत चर्चा तल गरिएको छ ।

[१८] जया विकसँग ३१ साउन २०६७ मा गरिएको कुराकानी ।

[१९] त्यसै गरी सिजापती (सन् २००५) का अनुसार नेपालको प्रमाणपत्र तह तथा उच्च माध्यमिक तहमा पहाडी दलितको उपस्थिति ०.८६ प्रतिशत र तराई दलितको उपस्थिति केवल ०.४६ प्रतिशत मात्र छ भने स्नातक तह तथा त्योभन्दा माथिल्लो तहमा पहाडी दलितको उपस्थिति ०.५१ प्रतिशत र तराई दलितको उपस्थिति केवल ०.३१ प्रतिशत मात्र छ । वाग्ले (२०६१) का अनुसार त्रिभुवन विश्वविद्यालयको २९ औं दीक्षान्त समारोहमा जम्मा ३,५७० विद्यार्थीहरूमध्ये

### *विद्यालय शिक्षामा सहभागिता*

अध्ययनको लागि छनोट गरिएको मंगलसेन गाविसको दलित जनसंख्या पुरुष १,१४१ र महिला १,४१२ गरी जम्मा २,५५३ रहेको छ भने कालागाउँ गाविसको दलित जनसंख्या पुरुष ४६५ र महिला ५३४ गरी जम्मा ९९९ रहेको छ (केन्द्रीय तथ्यांक विभाग २०५८)। २०६७ सालमा गरिएको स्थलगत अध्ययन र दलित एकता मञ्च अछामले प्रकाशित गरेको अछामका दलितको पार्श्वचित्र २०६० सालमा उल्लेख भएअनुसार मंगलसेन गाविसमा दलितको जम्मा घरधुरी संख्या ३५४ रहेको छ भने कालागाउँ गाउँ विकास समितिमा जम्मा घरधुरी संख्या १८१ छ। यी दुवै गाविसमा दलित समुदायबाट विद्यालय तहमा अध्ययनरत छात्रछात्राको सहभागिताको स्थिति तालिका १ मा देखाइएको छ।

**तालिका १ : विद्यालय तहमा दलित विद्यार्थीको भर्ना विवरण**
**(संख्या र प्रतिशतमा)**

| गाविस | तह | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| **मंगलसेन** | प्राथमिक | २९५ (६१.५%) | १८५ (३८.५%) | ४८० |
| | निम्न माध्यमिक | ३६ (७५%) | १२ (२५%) | ४८ |
| | माध्यमिक | २९ (७६.३%) | ०९ (२३.७%) | ३८ |
| | उच्च माध्यमिक | १३ (८६.७%) | ०२ (१३.३%) | १५ |
| **कालागाउँ** | प्राथमिक | १०५ (७४.५%) | ३६ (२५.५%) | १४१ |
| | निम्न माध्यमिक | २७ (७९.४%) | ०७ (२०.६%) | ३४ |
| | माध्यमिक | १० (९०.९%) | ०१ (९.१%) | ११ |
| | उच्च माध्यमिक | ०५ (१००%) | ०० (०%) | ०५ |

*स्रोतः दलित एकता मञ्च, अछाम, २०६०।*

दुवै गाविसमा विद्यालय तहमा दलित विद्यार्थीको सहभागिता प्राथमिक तहको तुलनामा निमावि, मावि र उच्च माविमा क्रमशः घट्दै गएको तालिका १ बाट प्रस्ट हुन्छ। छात्रको तुलनामा छात्राको सहभागिता हरेक तहमा अझ नाजुक देखिन्छ। अध्ययनमा सहभागी अभिभावकमध्ये ६५ प्रतिशत निरक्षर, २५ प्रतिशत सामान्य साक्षर, ५ प्रतिशतले एसएलसी र ५ प्रतिशतले आइएसम्मको अध्ययन पूरा गरेका थिए। त्यस्तै ८० प्रतिशत दलित परिवारले आफ्ना बालबालिका विद्यालय पढाउने गरेको पाइयो भने केवल १० प्रतिशतले मात्र विद्यालय र क्याम्पस दुवै ठाउँमा पढाउने गरेको पाइयो। बाँकी १० प्रतिशत

---

५४.९ प्रतिशत ब्राह्मण/क्षत्री, ४३.३ प्रतिशत जनजाति र केवल १.७० प्रतिशत मात्र दलित विद्यार्थीहरू रहेका थिए।

घरमूलीका बालबालिकामध्ये अधिकांशले प्राथमिक तहमै विद्यालय छोडेको पाइयो । दलित समुदायमा विद्यालय जानेको संख्या बढ्दै गएको भए पनि बीचमै विद्यालय छाड्ने प्रवृत्ति घट्न नसकेकोले उच्चशिक्षामा पढ्न जानेको संख्या निकै कम छ । बालबालिकाको विद्यालय शिक्षाको खर्चलाई केवल १५ प्रतिशत अभिभावकले मात्र पूर्ण रूपमा धान्न सकेको पाइयो । उच्चशिक्षामा लगानी गर्ने अभिभावकको संख्या निकै कम रहेको पाइयो ।

### *उच्चशिक्षामा सहभागिता*

व्यक्तिको लागि शिक्षा पाउने वातावरणको निर्माण गर्नु भनेको उसलाई सहज रूपमा जीवन जीउन सघाउ पुऱ्याउनु हो (चनाना सन् २००१) । तर समाजमा बसोबास गर्ने सबैले समान रूपमा शिक्षा प्राप्त गर्न त्यति सहज छैन । बढ्दो प्रतिस्पर्धाका कारण दिन प्रतिदिन जटिल बनिरहेको समयमा जीवन निर्वाहको लागि आधारभूत साक्षरताले मात्र पुग्दैन । यसका लागि उच्च तहसम्मको शिक्षा हासिल गर्नु आवश्यक बन्दै गएको छ । तर अध्ययन क्षेत्रमा सञ्चालित दुवै क्याम्पसको विद्यार्थी भर्ना विवरणलाई हेर्दा दलित विद्यार्थीको संख्या तुलनात्मक रूपमा निकै कम देखिन्छ (हेर्नुहोस् तालिका २) ।

**तालिका २ : स्नातक तहमा दलितको भर्ना विवरण**

| क्याम्पस | तह | कूल विद्यार्थी संख्या | | | दलित विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| अछाम बहुमुखी क्याम्पस | बीएड प्रथम वर्ष | १४७ | ५८ | २०५ | १० | २ | १२ |
| | दोस्रो वर्ष | १४३ | ६० | २०३ | ८ | १ | ९ |
| | तेस्रो वर्ष | ७७ | ३६ | ११३ | ७ | ० | ७ |
| | बीबीएस प्रथम वर्ष | ४० | २२ | ६२ | ४ | १ | ५ |
| | दोस्रो वर्ष | २९ | ४ | ३३ | ३ | ० | ३ |
| | तेस्रो वर्ष | १० | ४ | १४ | २ | ० | २ |
| कैलाश क्याम्पस | बीएड प्रथम वर्ष | ७५ | ३५ | ११० | ३ | ० | ३ |
| **जम्मा** | | **५२१** | **२१९** | **७४०** | **३७** | **४** | **४१** |

*स्रोत : स्थलगत अध्ययन, २०६६/०६७ ।*

दुवै क्याम्पसको विद्यार्थी भर्नालाई हेर्दा दलित समुदायका विद्यार्थीको संख्या त्यसमा पनि छात्राको संख्या उच्चशिक्षामा निकै कम देखिन्छ । स्नातक तहमा शिक्षाशास्त्र र व्यवस्थापन संकायका कक्षाहरू सञ्चालन गरिरहेको अछाम बहुमुखी क्याम्पसमा जम्मा विद्यार्थी संख्या ६३० मध्ये गैरदलित समुदायबाट ४१२ छात्र र १८० छात्रा अध्ययनरत छन् भने

दलित समुदायबाट जम्मा ३८ जना विद्यार्थी अध्ययनरत छन् । तीमध्ये ३४ जना छात्र र चार जना मात्र छात्रा छन् । जिल्ला सदरमुकाममा सञ्चालित क्याम्पस भएकोले तथा यसको सेवाक्षेत्र तुलनात्मक रूपमा केही व्यापक भएकोले पनि यस क्याम्पसमा दलित र गैरदलित दुवै समुदायबाट विद्यार्थीको चाप प्रत्येक शैक्षिक सत्रमा बढिरहेको छ ।[२०] त्यस्तै स्नातक तहमा शिक्षाशास्त्र संकायका कक्षा सञ्चालन गरिरहेको कालागाउँ स्थित कैलाश क्याम्पसमा जम्मा विद्यार्थी संख्या ११० मध्ये गैरदलित समुदायबाट ७२ जना छात्र र ३५ जना छात्रा छन् भने दलित समुदायबाट जम्मा तीन जना छात्र मात्र अध्ययनरत छन् । उक्त क्याम्पसमा एक जना पनि दलित छात्रा भर्ना नभएको पाइयो । यस गाउँ विकास समितिमा दलित जनसंख्या उल्लेखनीय भए पनि अधिकांश दलित परिवारका केटाकेटीको विद्यालय छोड्ने दरमा खासै कमी आउन सकेको छैन । त्यसैले गाउँमै क्याम्पस खुल्दा पनि उनीहरूको सहभागिता उच्चशिक्षामा अत्यन्तै न्यून देखिन्छ ।[२१]

## जीविका र उच्चशिक्षाको पहुँच बीचको अन्तर्सम्बन्ध

आधुनिक समाजमा व्यक्तिको जीवन पद्धतिको सबैभन्दा महत्त्वपूर्ण आधार शिक्षालाई मानिएको छ र शिक्षामा भएको सहभागिताको स्तरले व्यक्तिको जीविकाको ढाँचालाई प्रभाव पार्दछ । जीविकासम्बन्धी विकसित यस्ता अवधारणाका आधारमा हेर्दा नेपालका दलित समुदायको जीविकाको रणनीति एकैनासको छैन र वर्तमान सन्दर्भमा त्यो झन् कमजोर, असुरक्षित र अन्योलपूर्ण बन्दै गएको कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् (अधिकारी २०५९; पोख्रेल र क्षेत्री सन् २००६) । यसको प्रत्यक्ष असर उनीहरूको शैक्षिक सहभागिता (जस्तै, भर्ना, नियमितता तथा उपलब्धि) मा परिरहेको छ । अछाम जिल्लामा प्राथमिक तहमा दलित बालबालिकाको भर्ना सन्तोषजनक देखिए पनि त्योभन्दा माथिल्ला तहमा विद्यालय छोड्ने दरमा कमी आएको पाइँदैन । त्यसैले थोरै विद्यार्थी मात्र एसएलसी उत्तीर्ण हुन्छन् । अध्ययनमा सहभागी एसएलसी उत्तीर्ण, तर उच्चशिक्षाको पढाइमा सहभागी हुन नसकेका केही दलित युवाले अध्ययनलाई जारी राख्न नसक्नुका कारण यसरी व्यक्त गरेका थिए[२२] :

[२०] अछाम बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख नृपबहादुर चाडसँग २८ साउन २०६७ मा गरिएको कुराकानी ।

[२१] कैलाश क्याम्पसका सहायक प्राध्यापक हिक्मत सोडारीसँग २९ साउन २०६७ मा गरिएको कुराकानी ।

[२२] लोकेन्द्र परियारसँग २८ साउन २०६७, भीमबहादुर टमट्टा र हर्क विकसँग ३१ साउन २०६७ मा गरिएको कुराकानी ।

आर्थिक अभावका कारण कक्षा ९ मा भर्ना हुन नसकेर मेरो पढाइ चार वर्ष ढिला भयो। पछि छिमेकीको सहयोगले भर्ना भएँ र एसएलसी पास गरे। त्यसपछिको पढाइको लागि खर्च पनि बढी चाहिने र घरको आर्थिक अवस्थाले पढाइको खर्च धान्न पनि नसक्ने भएकोले मैले पढ्ने आँट गरिनँ। त्यसपछि विवाह भयो, अभावका कारण घरायसी बेमेल हुन गई छुट्टिएर अलग बस्न थाल्यौँ। अनि अहिले आएर अब घरायसी बोझले पनि पढाइको बारेमा सोच्न सकिन्न (लोकेन्द्र परियार, वर्ष २४)।

बुबा आमा असक्त छन्। उहाँहरूको उपचार पनि गर्न सकिएको छैन। जमिन भएको भए कृषि व्यवसाय गरी घरायसी र व्यक्तिगत आवश्यकता पूरा गर्न सकिन्थ्यो होला। तर आफ्नो परिवारलाई चाहिने अन्नदेखि अन्य आवश्यकताको चाँजोपाँजोको लागि ज्यालादारी काम गरिरहेको छु। घरमा आफू जेठो भएकोले भाइबहिनीको हेरविचार पनि गर्नै पर्‍यो। जसोतसो एसएलसी पास गरियो र घरायसी बोझ र आर्थिक अभावका कारण योभन्दा माथि पढ्ने कुरै सोचिएन (भीमबहादुर टमट्टा, वर्ष २६)।

गाउँकै नजिक निःशुल्क रूपमा विद्यालय पढ्न पाइएकोले घरायसी अवस्था कमजोर भए पनि एसएलसीसम्म पढ्न सम्भव भयो। घरमा कमाउने अरू कोही पनि छैनन्। बुबा आमा पनि वृद्ध हुनुभयो। काम गर्न सक्नु हुन्न। क्याम्पसको पढाइको लागि अरू कुनै आधार भएन। घरायसी खर्च धान्नै कठिन छ। नोकरीको लागि सदरमुकामका धेरै ठाउँमा प्रयास गरेँ। कहीँ सम्भव भएन। अहिले घर खर्च चलाउनको लागि खेतीपातीको काम सकेर बीचबीचमा बम्बई जानेआउने पनि गरेको छु (हर्क विक, वर्ष २४)।

जीवन निर्वाहको लागि चाहिने आधारभूत सामग्री र सुविधाको जोहो गर्नु नै दलितका लागि पहिलो चुनौती देखिन्छ। यसले गर्दा एसएलसी उत्तीर्ण गरिसक्दा पनि उनीहरू उच्चशिक्षामा सहभागी हुन सक्दैनन्। उमेर बढ्दै गएअनुरूप एकातिर घरायसी बोझ तथा पारिवारिक जिम्मेवारी बढ्ने र अर्कातिर आर्थिक अभावका कारण ती समस्याको सहज रूपमा समाधान गर्न कठिनाइ हुने भएकाले उच्चशिक्षा हासिल गर्ने चाहनामा अवरोध आउँछ। उच्चशिक्षा व्यक्तिगत र सामाजिक विकासको लागि आवश्यक छ भन्ने कुरा बुझ्दाबुझ्दै पनि कमजोर जीविकाको कारण आफ्नो अध्ययन यात्रालाई निरन्तरता दिन सक्दैनन् उनीहरू। जसोतसो पढिरहेका दलित विद्यार्थीको पनि समस्या कम छैन। स्नातक तहमा अध्ययनरत दिनेश आउजी भन्छन् :

> स्कूलमा पढ्दा खेरि बेला बेलामा लेख्ने पढ्ने सामग्रीको अभाव भैराख्थ्यो । यसले गर्दा पछि पढाइ पनि त्यति राम्ररी अगाडि बढ्न सकेको थिएन । २०५८ सालमा संकटकालको बेलामा कक्षा ९ मा पढ्दै गरेको बेला सुरक्षा निकायबाट तर्साइएको कारण विद्यालय छोड्ने मनस्थिति बनाई बम्बई भागेँ । पछि त्यहाँ नोकरी गरिरहेको दाइले सम्झाइ/बुझाइ गरेको र आर्थिक सहयोग गरेको कारण हाल म स्नातक तहमा भर्ना भैरहेको छु । तर परिवार पनि ठूलो छ । आफ्नो पनि विवाह भैसक्यो । एउटी छोरी पनि छ । यस्तो अवस्थामा आर्थिक कठिनाइका बावजुद पारिवारिक बोझसमेत बहन गर्नु परेकोले क्याम्पसमा भर्ना भए पनि सन्तोषजनक रूपमा पढ्न सकिरहेको छैन ।[२३]

स्नातक तहमा अध्ययनरत एवं समूह छलफलमा सहभागी सबै दलित विद्यार्थीले जेनतेन क्याम्पसमा भर्ना भए पनि कमजोर आर्थिक अवस्थाका कारण पठनपाठनमा अनेकौँ कठिनाइ भोगिरहेको बताए । छलफलको क्रममा उनीहरूले क्याम्पस भर्नाको बेला दलित छात्रवृत्तिको कुरा उठे पनि अहिलेसम्म एक जना छात्राले मात्र छात्रवृत्ति पाएको बताए । छलफलमा सहभागीमध्ये दुई जनाले निजी विद्यालयमा कम पारिश्रमिकमा शिक्षण गर्दै पढिरहेको, दुई जनाले बुबाको सामान्य तलबको भरमा पढिरहेको र दुई जनाले कुनै काम नपाउँदा घरपरिवारको सहयोगमा र छरछिमेकबाट सरसापट लिँदै पढिरहेको बताए । समाजमा पढेलेखेका मानिसको जीवन शैली र उनीहरूले समाजमा पाएको महत्त्वबाट प्रभावित हुँदै जसरी पनि पढाइलाई निरन्तरता दिनु पर्दछ भन्ने आफ्नो व्यक्तिगत अठोटलाई पूरा गर्न आर्थिक कठिनाइ परेको बेला धानको कन (भुस) बेचेर पनि विद्यालय पढेको अनुभव हाल स्नातक तहमा अध्ययनरत टंक भूलको छ । त्यस्तै परीक्षा शुल्क तिर्नको लागि बल्ल[२४] बेचेर पनि पढाइ जारी राखेको अनुभव अर्का स्नातक तहमा अध्ययनरत सुरतबहादुर सुनारको छ । त्यसो त क्याम्पसमा अध्ययनरत धेरैजसो दलित विद्यार्थी विवाहित भएका कारण उनीहरूको आफ्नै पारिवारिक संरचना पनि बढिरहेको पाइन्छ । यस्तो अवस्थाले उनीहरूको पारिवारिक दायित्व बढेको देखिन्छ, जसले गर्दा पूर्ण विद्यार्थीको रूपमा उच्चशिक्षामा सरिक हुन सकिरहेका छैनन् । यसरी आर्थिक अवस्था कमजोर भएकै कारण क्याम्पसले तोकेको वार्षिक शुल्क समयमा बुझाउन नसकेको र घरायसी जिम्मेवारी पनि बहन गर्नुपर्ने भएकाले नियमित रूपमा क्याम्पसमा उपस्थित हुन नसकेको अधिकांश दलित विद्यार्थीले बताए । अध्ययनमा सहभागी एक जना दलित विद्यार्थी रूप विश्वकर्माले भने, “स्नातक तहमा अध्ययनरत अधिकांश दलित विद्यार्थीहरू घरायसी झमेलाकै कारण क्याम्पसको नियमित पठनपाठनमा उपस्थित हुन नसकी केवल वार्षिक परीक्षामा मात्र सहभागी हुनुपर्ने

[२३] दिनेश आउजीसँग ३१ साउन २०६७ मा गरिएको कुराकानी ।

[२४] अछामको स्थानीय भाषामा गोरुलाई बल्ल भनिन्छ ।

बाध्यतामा छन् ।"[२५] कमजोर जीविकामा सुधार ल्याउन आयआर्जन लगायत विकासका हरेक क्षेत्रमा दलितलाई आरक्षण प्रदान गर्ने नीति तथा कार्यक्रमको ठूलो अभाव देखिन्छ ।[२६] यस्ता कार्यक्रम सफलतापूर्वक कार्यान्वयन हुँदै गएमा शिक्षालगायत विकासका सबै क्षेत्रमा उनीहरूको सहभागिता बढ्दै जानेछ । सामाजिक संघसंस्थाहरू र राज्यको तर्फबाट दलित उत्थानको लागि तय गरिएका कार्यक्रमको प्रभावकारिता सन्तोषजनक नभएकै कारण दलित समुदायको शैक्षिक सहभागिता र जीविकामा अपेक्षित सुधार आउन सकेको छैन । दलित एकता मञ्च अछामका अध्यक्ष सुरतबहादुर सुनार भन्छन् :

> अछामको दलित समुदाय गरिबी, सामाजिक अपहेलना, अशिक्षा, राजनीतिक उपेक्षा, हीनताबोध, परनिर्भरताको कारण अत्यन्तै नाजुक अवस्थामा रहेको छ । दलित समावेशीकरणको मुद्दा जसरी सुनाइ र बोलाइमा उठाइएको छ, त्यही रूपमा कार्यान्वयन गर्न राज्य र समाजको हुने खाने वर्ग इमान्दार नभएकोले पनि दलित समुदायको जीविकाको अवस्थामा सुधार नआएको हो ।[२७]

यसरी देशभरि जस्तै अछामका दलित पनि बहुबहिष्करणको मार खेपिरहेका छन् जसले दलितको अस्तित्व, क्षमता विकास र नेतृत्व विकासमा ठूलो असर पारेको छ (किसान २०५८) । सामान्यतया शैक्षिक रूपमा सुविधाविहीन समूह नै सबै क्षेत्र र स्तरमा वञ्चितीकरणको अवस्थामा हुन्छन् (हाता सन् २००१) । शैक्षिक अवसरबाट वञ्चित यस्ता समूह आफ्नो सामाजिक पूँजी वृद्धि गर्न सक्दैनन् र कमजोर पेशा अपनाउन बाध्य हुन्छन् । कमजोर पेशाले गर्दा गुणस्तरीय शिक्षामा पहुँचको विस्तार हुन सक्दैन । फेरि उच्चशिक्षाबाट विमुख हुने अवस्थाले जीविकालाई असुरक्षित नै राख्दछ । यसरी जीविका र शिक्षाबीच चक्रीय सम्बन्ध भएको यसले देखाउँछ ।

## निष्कर्ष

लामो समयदेखि जातीय भेदभाव एवं छुवाछूतको शिकार हुँदैआएका दलित समुदाय राष्ट्रिय विकासको मूल प्रवाहबाट टाढै छन् र गरिबी तथा आश्रित जीवन जीउन बाध्य छन् । गरिबी तथा आर्थिक पछौटेपन जीविकाको एउटा मात्र पक्ष हो, तर यसले जीविकासँग सम्बन्धित सबै पक्षलाई प्रभाव पार्दछ (प्रसाईं सन् २००५) । नेपालका दलितहरू परापूर्वकालदेखि

[२५] रूप विश्वकर्मासँग २८ साउन २०६७ मा गरिएको कुराकानी ।

[२६] दलित सेवा संघका अध्यक्ष एवं दलित आन्दोलनका अगुवा अर्जुन ताम्राकारसँग २७ साउन २०६७ मा गरिएको कुराकानी ।

[२७] सुनारसँग ३१ साउन २०६७ मा गरिएको कुराकानी ।

नै आर्थिक पछौटेपन, तथा सामाजिक दबाबको सामना गर्दै आएकाले जीविकामा यसको असर परेको बुझ्न सकिन्छ जुन दलित समुदायको शैक्षिक पछौटेपन बढाउनमा मुख्य कारण बनेको छ । यस्तो कमजोर पृष्ठभूमिमा अछामका दलित पनि देशका अन्य भागका दलित जस्तै जीविकाका सबै पक्षमा निकै पछाडि देखिन्छन् । अध्ययनको लागि उपयुक्त पारिवारिक वातावरण नपाउँदा अधिकांश दलित विद्यालय तहमै आफ्नो शैक्षिक यात्रा रोक्न बाध्य भएको देखिन्छ । थोरैले मात्र एसएलसीसम्म उत्तीर्ण गरे पनि उच्चशिक्षामा भर्ना हुन नसकेका र भएकामध्ये पनि आर्थिक अभाव र पारिवारिक बोझको चिन्ताबाट मुक्त हुन सक्ने अवस्था नभएकोले उनीहरूको पठनपाठन औपचारिक भर्नामा मात्र सीमित रहेको देखिन्छ । जीविका दरिलो नहुँदा उच्चशिक्षा अध्ययन गर्ने उमेरमा आफ्नो बढ्दो परिपक्वताअनुसार पारिवारिक जवाफदेहिता बहन गर्न गाउँघरमै र भारतका विभिन्न शहरमा उनीहरूले ज्यालादारी काम गरी आधारभूत आवश्यकताको जोहोमा खट्नु परेको देखिन्छ । यसप्रकार कमजोर जीविकाको कारण विद्यालय तहबाट नै शैक्षिक पहुँचमा अंकुश लाग्न शुरू हुन्छ भने उच्चशिक्षामा यसको असर अझ बढ्ता परेको देखिन्छ । तुलनात्मक रूपमा आयआर्जन र सामाजिक सम्बन्ध राम्रो भएका दलित परिवारका बालबालिकाको शैक्षिक यात्रा भने उच्चशिक्षासम्म पनि कायमै रहेको छ ।

शिक्षालाई ऐन, नियम तथा कानुनका दृष्टिकोणले व्यक्तिको मौलिक अधिकारको रूपमा स्थापित गर्न खोजे पनि त्यसको कार्यान्वयनमा दलितको घरायसी, आर्थिक, सामाजिक र जीविकाको अवस्थाले फरक पारेको छ । सुविधाविहीन वर्गको संस्कृति, परम्परा र जीवन पद्धतिलाई सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक एवं शैक्षिक हिसाबले स्वीकृति र सम्मान प्रदान गरेको खण्डमा उक्त समुदायका मान्छेहरू नै आफ्नो शैक्षिकलगायत समग्र उत्थानमा स्वयं क्रियाशील हुन्छन् (काफ्ले २०६२) । तर नेपाली समाजमा परम्परागत रूपमा चलेको जातीय छुवाछूत अझै पनि विभिन्न स्वरूपमा कायम रहेको देखिन्छ, जसले दलितको अस्तित्व, क्षमता विकास र नेतृत्व विकासमा ठूलो असर पारेको छ (किसान २०५८) । तसर्थ यस्तो अवस्थामा दलितका लागि विद्यालय खोलेर मात्र हुँदैन । बाँच्नेदेखि मैत्रीपूर्ण सामाजिक, सांस्कृतिक तथा शैक्षिक वातावरण पनि चाहिन्छ ।

गरिब र अति गरिब अभिभावकहरू आफ्ना बालबालिकालाई शिक्षा निःशुल्क भए पनि विद्यालय पठाउन असक्षमता प्रकट गर्दछन् र पठाउने गरिएका बालबालिका पनि शैक्षिक उपलब्धि हासिल गर्न सक्दैनन् (ग्रुटेयर्ट सन् १९९४) । यसै सन्दर्भमा विलियम्स (सन् २००८) ले सीमान्तीकृत अवस्थामा रहेका बालबालिकाको शिक्षामा संलग्नता बढाउन राज्यले बृहत् शैक्षिक योजना बनाउनुपर्नेमा जोड दिएका छन् । राज्यले शिक्षाको माध्यमद्वारा सामाजिक संरचनामा परिवर्तन ल्याउने उद्देश्य र योजनालाई उच्च प्राथमिकता दिन आवश्यक हुन्छ । दलित समुदायको आयआर्जन क्षमता नबढाई उनीहरूको शैक्षिक पहुँचमा अभिवृद्धि गर्न

सकिँदैन । दलित समुदायको आधारभूत तहदेखि उच्च तहको शिक्षासम्म पहुँच बढाउन विद्यमान सामान्य किसिमको आरक्षणको व्यवस्थाले मात्र काम गर्न सक्दैन । विद्यालय तथा कलेजमा चुक्ता गर्नु पर्ने शुल्कलाई मात्र आधार बनाएर दलित समुदायलाई आरक्षित गरेर पुग्दैन । यसका साथै उनीहरूको अन्य आधारभूत आवश्यकतालाई समेत आरक्षण कार्यक्रममा समेटन आवश्यक हुन्छ । यस्तो खाले आरक्षणको व्यवस्थाले मात्र उनीहरूको शैक्षिक सहभागितालाई रचनात्मक रूपमा सघाउन सक्दछ ।

## धन्यवाद

यो लेख मार्टिन चौतारीको "नेपालको उच्च शिक्षा तथा अनुसन्धानमा सामाजिक समावेशीकरणको अभिवृद्धि" नामक परियोजनाअन्तर्गत तयार पारिएको हो । यसका लागि अनुसन्धान वृत्ति प्रदान गर्ने मार्टिन चौतारीप्रति कृतज्ञ छु । अध्ययन अवधिभरि मार्गनिर्देश गर्नुहुने शरद घिमिरे, प्रमोद भट्ट र प्रत्यूष वन्तलाई विशेष धन्यवाद छ । अन्तिम मस्यौदा पढी सुझाव दिने शेखर पराजुली तथा *समाज अध्ययन* जर्नलका सम्पादक मण्डललाई पनि धन्यवाद छ ।

## सन्दर्भ सामग्री

अधिकारी, निलमशेखर । २०५९ । दलित उत्थानका लागि आर्थिक तथा सामाजिक रूपान्तरण । *स्मारिका*, पृ. ६७–७० । काठमाडौँ : राष्ट्रिय दलित आयोग ।

आहुति । सन् २००४ । हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशन र प्रत्यूष वन्त, सं., पृ. ४७८–५२१ । काठमाडौँ : सोसल साइन्स बहाः ।

किसान, यामबहादुर । २०५८ । *नेपालमा दलित जातीय मुक्ति आन्दोलन* । काठमाडौँ : जन उत्थान प्रतिष्ठान ।

केन्द्रीय तथ्यांक विभाग । २०५८ । *राष्ट्रिय जनगणना २०५८ : जातजातिको जनसंख्या* । काठमाडौँ : केन्द्रीय तथ्यांक विभाग ।

कोइराला, विद्यानाथ । २०५६ । दलित महिलाको शैक्षिक अवस्था र सुधारका उपायहरू । *विकासको निम्ति शिक्षा* । वेदनाथ रेग्मी र केशवराज देवकोटा, सं., पृ. ६०–६९ । काठमाडौँ : रिसर्च सेन्टर फर एडुकेसनल इनोभेसन एण्ड डेभलप्मेन्ट (सेरिड) ।

कोइराला, विद्यानाथ । २०५८ । नेपालका दलित र तिनको शिक्षा । *छापामा दलित* । प्रत्यूष वन्त, प्रमोद भट्ट, विद्यानाथ कोइराला, खगेन्द्र संग्रौला र सीके लाल, सं., पृ. १४७–१५१ । काठमाडौँ : एकता बुक्स ।

तामाङ, परशुराम । २०६५ । *हाम्रो नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र* । काठमाडौँ : मूल्यांकन प्रकाशन गृह ।

पौडेल, चुडामणि । २०६६ । विद्यालय शिक्षामा दलितको अवस्था र सुधारका प्रयासहरू । *लैंगिक समविकास शिक्षा* १०(१०) : २७–३३ ।

मल्ल, के. सुन्दर र पद्मलाल विश्वकर्मा । सन् २००२ । *डर्बान घोषणा र कार्ययोजना तथा नेपालमा जातीय विभेद* । काठमाडौँ : जातीय विभेदविरुद्ध राष्ट्रिय मञ्च, नेपाल ।

वाग्ले, त्रिभुवनचन्द्र । २०६१ । *नेपालको विकासमा दलित* । काठमाडौँ : रत्नमाया दलित साहित्य संरक्षण समिति ।

शर्मा, शिव । २०५८ । दलित जाति र गरिबी । *छापामा दलित* । प्रत्यूष वन्त, प्रमोद भट्ट, विद्यानाथ कोइराला, खगेन्द्र संग्रौला र सीके लाल, सं., पृ. १०५–१११ । काठमाडौँ : एकता बुक्स ।

सुनार, गजाधर । २०५८ । आर्थिक सन्दर्भमा दलित । *छापामा दलित* । प्रत्यूष वन्त, प्रमोद भट्ट, विद्यानाथ कोइराला, खगेन्द्र संग्रौला र सीके लाल, सं., पृ. १०७–१०८ । काठमाडौँ : एकता बुक्स ।

Bhatta, Pramod, Lila Adhikari, Manu Thada and Ramesh Rai. 2008. Structures of Denial: Student Representation in Nepal's Higher Education. *Studies in Nepali History and Society* 13(2): 235–263.

Chanana, Karuna. 2001. Accessing Higher Education: The Dilemma of Schooling Women, Minorities, SCs and STs in Contemporary India. In *Interrogating Women's Education: Bounded Vision, Expanding Horizons*. Pp. 287–332. New Delhi: Sage Publications.

Chhetri, Ram Bahadur. 2006. Changing Environments and Livelihoods: Adaptation of Jalari People in the Pokhara Valley. *Contribution to Nepalese Studies* 33(Special Issue): 81–109.

DOE (Department of Education). 2011. *School Level Education Statistics of Nepal: Consolidated Report 2009/10*. Bhaktapur: DOE.

DOE. 2010. *Flash I Report (2009/10)*. Bhaktapur: DOE.

DFID (Department for International Development). n.d. Sustainable Livelihood Guidance Sheet. Available at: www.livelihoods.org; accessed 15 February 2010.

Grootaert, Christiaan. 1994. Education, Poverty, and Structural Change in Africa: Lessons from Cote d''Ivoire. *International Journal of Educational Development* 14(2): 131–142.

Gurung, Harka. 2005. The Dalit Context. *Occasional Papers in Sociology and Anthropology* 9: 1–21.

Haan, Leo de and Annelies Zoomers. 2005. Exploring the Frontier of Livelihoods Research. *Development and Change* 36(1): 27–47.

Hata, Hiroyuki. 2001. The Study on the Educational Gap among Nepali Caste/Ethnic Groups and its Factors. *Education and Development*. Pp.12–26. Kathmandu: Research Centre for Educational Innovation and development (CERID).

Kafle, Basu Dev. 2062 v.s. Education of the Disadvantaged Groups: Access, Equality and Quality Issues. *Journal of the University Campus* 2&3: 1–4.

Lama, Anupama and Marlene Buchy. 2004. Gender, Class, Caste and Participation: Community Forestry in Central Nepal. In *Livelihood and Gender: Equity in Community Resource Management.* Sumi Kishna, ed., pp. 285–305. New Delhi: Sage Publications.

Moser, Caroline. 2008. Assets and Livelihoods: A Framework for Asset Based Social Policy. In *Assets, Livelihoods and Social Policy*. Caroline Moser and Anis A. Dani, eds., pp. 43–81. Washington, D.C.: The World Bank.

Nambissan, Geetha B. 2006. Terms of Inclusion: Dalits and Right to Education. In *The Crisis of Elementary Education in India*. Ravi Kumar, ed., pp. 224–265. New Delhi: Sage Publications.

Pandey, Tulsi Ram, Surendra Mishra, Damber Chemjong, Sanjeev Pokhrel and Nabin Rawal. 2006. *Forms and Patterns of Social Discrimination in Nepal: A Report.* United Nations Educational, Scientific and Cultural Organization (UNESCO) Kathmandu Series of Monographs and Working Papers # 8. Kathmandu: UNESCO.

Pokhrel, Sanjeev Kumar and Ram Bahadur Chhetri. 2006. Changing Livelihood Strategies of Dalits: A Case Study in the Pokhara Valley. *Contribution to Nepalese Studies* 33(Special Issue): 63–80.

Prasain, Jib Nath. 2005. Poverty vis-a-vis Livelihood in the Rural Context of Nepal: At a Glance. *Himalayan Journal of Sociology and Anthropology* 2: 9–18.

Scoones, Ian. 1998. *Sustainable Rural Livelihood: A Framework for Analysis*. IDS Working Paper #72. Sussex: Institute of Development Studies, University of Sussex.

Sijapati, Bandita. 2005. Perils of Higher Education Reform in Nepal. *Journal of Development and Social Transformation* 2: 25–33.

UGC (University Grants Commission). 2010. *Education Management Information System: Report on Higher Education 2008/09*. Bhaktapur: UGC.

Williams, James H. 2008. Who (In the World) is not in School? Towards a Policy Framework for Educating Marginalized Children and Youth. In *Policy Making for Education Reform in Developing Countries: Policy Options and Strategies*. William K. Cummings and James H. Williams, eds., pp. 3–26. New York: Rowman and Littlefield Publishers.

## लेखक परिचय

भीमबहादुर बोहरा जयमालिका क्याम्पस, कैलालीका प्रमुख हुन् । उनले त्रिभुवन विश्वविद्यालयबाट शिक्षामा एमफिल गरेका छन् । इमेल ः bhimbbohara@yahoo.com